# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

नेपाल सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका आवश्यक सेवामा हड्ताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ :-

१. डाँक, तार वा टेलिफोन सेवा,

२. जल, स्थल वा हवाईमार्गबाट यात्री वा मालसामान ओसार पसार गर्ने यातायात सेवा,

३. हवाईअड्डा वा हवाईजहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा,

४. हवाई ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसार पसार गर्ने वा राखे, झिक्ने वा थन्क्याउने कामसँग सम्बन्धित सेवा,

५. प्रिन्ट वा सरकारी छापाखाना सम्बन्धी सेवा,

६. हातहतियार खरखजाना वा अरु कुनै सैनिक सर-सामानको उत्पादन गर्ने, थन्क्याउने, वितरण गर्ने कामसँग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा,

७. सञ्चार सेवा,

८. आन्तरिक सुरक्षा कार्यसँग सम्बन्धित सेवा,

९. खानेपानीको सञ्चालन तथा वितरण सेवा,

१०. पर्यटन आवास, मोटेल, होटेल, रेष्टुराँ र रिसोर्ट सम्बन्धी सेवा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. पेट्रोलियम पदार्थ (एल.पि. ग्याँस समेत) को पैठारी, ढुवानी, भण्डारण तथा वितरण सम्बन्धी सेवा,

१२. अस्पताल तथा स्वास्थ केन्द्र सञ्चालन सम्बन्धी सेवा (एम्बुलेन्स सेवा जस्ता सेवाहरु),

१३. औषधि निर्माण तथा बिक्री वितरण सम्बन्धी सेवा,

१४. फोहोरमैलाको सङ्कलन, ढुवानी, प्रशोधन, विसर्जन, स्थान निर्माण, पूर्वाधार निर्माण र सङ्कलन स्थल एवं व्यवस्थापन क्षेत्रसँग सम्बन्धित सेवा,

१५. बैकिङ्ग सेवा,

१६. बिमा सेवा,

१७. विद्युत सेवा,

१८. दैनिक उपभोग्य वस्तुहरु (खाद्यान्न, दाल, चामल, नुन, तेल) को पैठारी, ढुवानी, भण्डारण तथा वितरण सम्बन्धी सेवा,

१९. मौसम पूर्वानुमान, बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा,

२०. मास्क सम्बन्धी सेवा,

२१. ह्याण्ड सेनिटाइजर सम्बन्धी सेवा,

२२. भेटेरिनरी सेवा,

२३. कन्सुलर सेवा विभागबाट प्रदान हुने सेवा,

२४. राहदानी विभागबाट प्रदान हुने सेवा,

२५. ईन्टरनेट सेवा ।

**आज्ञाले,**
**महेश्वर न्यौपाने**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।